**नेपाल सरकार**

**विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय**

**जलवायु परिवर्तन व्यवस्थापन महाशाखा**

# राष्ट्रिय अनुकूलन योजना तर्जुमा प्रक्रिया




## शुभारम्भ कार्यक्रम प्रतिवेदन

**काठमाडौं**

**असोज १, २०७२**

# विषय सूची

१. परिचय...........................................................................३

२. राष्ट्रिय अनुकूलन योजना (न्याप) शुभारम्भ कार्यक्रमका उद्धेश्यहरु ....................४

३. कार्यक्रमको विवरण..............................................................४

३.१. सहभागी ......................................................................४

३.२. आसन ग्रहण...................................................................५

३.३. स्वागत मन्तव्य................................................................५

३.४. राष्ट्रिय अनुकूलन योजना (न्याप) शुभारम्भ घोषणा............................६

३.५. प्रस्तुतिकरण सत्र...............................................................६

३.६. मन्तव्य..........................................................................८

३.७. प्राविधिक छलफल सत्र र सहभागीको सुझाव.................................१०

३.७.१. प्रस्तुति सम्बन्धी सुझाव.......................................................१०

३.७.१.१. न्याप योजना तर्जुमा प्रक्रिया................................................१०

३.७.१.२. अन्तर्-विभागिय एवं सँस्थागत समन्वय.....................................११

३.७.१.३. थप क्षत्र र विषयहरु न्याप प्रक्रियामा समावेश..........................१२

३.७.१.४. अध्ययन अनुसन्धान..........................................................१२

३.७.१.५. योजना कार्यन्वयन पक्ष.......................................................१३

३.७.२. प्राविधिक सत्रको टिप्पणी.....................................................१४

३.७.३. धन्यवाद मन्तव्य...............................................................१४

४. अनुसूचि

अनुसूची १: कार्यक्रमको प्रस्तुतिकरण सत्रमा प्रस्तुत गरीएका सामाग्रीहरु.........१५-१८

अनुसूची २: प्रस्तावित कार्यक्रमहरु...........................................................१९

**लेखन:** अपार पौड्याल र कला दाहाल

**फोटो :** स्वर्णिमा श्रेष्ठ

# १. परिचय

जलवायु परिवर्तन यस शताब्दीको लागि एक सम्वेदनशील चुनौतिको रुपमा देखा परेको छ । जलवायु परिवर्तनबाट सिर्जित प्रभावका कारण नेपाल लगायत अन्य विकासोन्मुख मुलुकका विशेषगरी विपन्न, सीमान्तकृत एवं सामाजिक-आर्थिक रुपले पछि परेका समुदाय थप सङ्कटासन्न हुँदै गएका छन् । मानवीय क्रियाकलापबाट उत्सिर्जित हरितगृह ग्याँसको मात्रामा व्यापक बृद्धि भएकोले वायुमण्डलीय तापक्रम बढ्दै गएको छ जसको कारण अनिश्चितता, विषमता एवं पूर्वानुमान गर्न नसकिने किसिमका मौसमको सामना गर्न विकासोन्मुख तथा जलवायुजन्य प्रकोपहरुको जोखिममा परेका देश र त्यहाँ बसोबास गर्ने समुदायको विकासमा चुनौति थपिएको छ ।

सन् २००१ मा मोरक्कोको मारकेश शहरमा भएको राष्ट्रसंघीय जलवायु परिवर्तन संरचना महासन्धि (UNFCCC) पक्ष राष्ट्रहरुको सातौं सम्मेलन (Conference of the Parties, COP) ले अति कम विकसित राष्ट्रहरुलाई जलवायु परिवर्तनका प्रतिकूल प्रभावसँग जुध्न योजना निर्माण गर्नका लागि सहयोग आवश्यक भएको निर्क्योल गर्दै अति कम विकसित राष्ट्रहरुका लागि कार्यक्रम (LDC Work Programme) पारित गऱ्यो । यसै कार्यक्रम अन्तर्गत अति कम विकसित राष्ट्रहरुलाई जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरुमा अनुकूलीत हुनका लागि तत्कालै गरिनुपर्ने र अत्यावश्यक कार्यक्रम पहिचान गर्न राष्ट्रिय अनुकूलन कार्यक्रम (National Adaptation Programme of Action, NAPA, नापा) बनाउन सहयोग गर्ने निर्णय भयो । सन् २०१० मा मेक्सिकोको क्यानकुनमा सम्पन्न पक्ष राष्ट्रहरुको १६औं सम्मेलनमा विकासोन्मुख र अति कम विकसित राष्ट्रहरुका लागि अनुकूलन सम्बन्धी तत्कालै गरिनुपर्ने र अत्यावश्यक अनुकूलनका काम मात्र नभई मध्यकालिन् र दीर्घकालिन् कार्यहरुको पहिचान, प्राथमिकिकरण तथा विकास योजनामा एकीकृत गर्दै लैजान सहयोग पुऱ्याउने हेतुले यी राष्ट्रमा राष्ट्रिय अनुकूलन योजना तयारीको प्रक्रिया (National Adaptation Plan Process) सुरु गर्ने निर्णय भयो ।

सोहि निर्णयमा रही अनुकूलन योजना तर्जुमाको लागि प्रारम्भिक निर्देशिका महासन्धी सचिवालयले जारी गरी सकेको छ । राष्ट्रिय अनुकूलन योजना निर्देशिकाले महासन्धीका पक्ष राष्ट्रहरुलाई संकटासन्नताको लेखाजोखा गर्न, जलवायु परिवर्तनको जोखिमलाई मूलप्रवाहिकरण गर्न र अनुकूलनलाई सम्बोधन गर्न सक्षम बनाउन सक्छ भन्ने कुरालाई स्वीकार गरेको छ । पक्ष राष्ट्रहरुको सम्मेलनमा सहमति गरिएका राष्ट्रिय अनुकूलन योजना प्रक्रियाका उद्देश्यहरु यस प्रकार छन्:

- अनुकूलन क्षमता र समानुकूलनता बढाई जलवायु सङ्कटासन्नता घटाउने ।
- उपयूक्ततानुसार विभिन्न तहका र सबै क्षेत्रका विद्यमान र नयाँ नीति, योजना, कार्यक्रम र क्रियाकलापहरु लगायत विकास योजनाको प्रक्रिया र रणनीतिमा जलवायु अनुकूलनलाई एकिकृत र प्रोत्साहन गर्ने ।

जलवायु परिवर्तनका विषम प्रभावहरु भविष्यमा अझ विकराल बन्ने हुँदा, पक्ष राष्ट्रहरुको सदस्य राष्ट्र नेपालले पनि तत्कालै गरिनुपर्ने र अत्यावश्यक अनुकूलनका काम मात्र नभई मध्यकालिन् र दीर्घकालिन् कार्यहरुको पहिचान, प्राथमिकिकरण तथा विकास योजनामा एकिकृत गर्दै लैजानु अहिलेको आवश्यकता बनेको छ । तसर्थ यस प्रक्रियालाई अघि बढाउने सन्दर्भमा नेपाल सरकार विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयले असोज १, २०७२ मा राष्ट्रिय अनुकूलन योजना तयारी शुभारम्भ कार्यक्रमको सञ्चालन गरी सम्बन्धित सरोकारवाला बीच प्रक्रिया बारे छलफल गर्‍यो । यो कार्यक्रमको आयोजना प्राक्टिकल एक्शनको सहयोगमा गरिएको थियो ।

## २. राष्ट्रिय अनुकूलन योजना (न्याप) शुभारम्भ कार्यक्रमको उद्देश्यहरुः

जलवायु परिवर्तनको असर प्राकृतिक स्रोत लगायत भौतिक संरचना एवम् विकासका पूर्वाधारमा समेत पर्ने हुँदा जलवायु परिवर्तनसँग अनुकूलित हुन तथा समुदायको समानुकूलन (Resilience) बढाउन ठाउँ, क्षेत्र र परिवेश विशेषका राष्ट्रिय अनुकूलन योजनामा पहिचान गर्न अत्यावश्यक छ ।

शुभारम्भ कार्यक्रमको उद्दश्यहरु (क) नेपालमा राष्ट्रिय अनुकूलन योजना तर्जुमा प्रक्रिया सुरुभएको घोषणा गर्ने; (ख) राष्ट्रिय अनुकूलन योजना तर्जुमा प्रक्रिया बारे सरोकारवाला निकायलाई परिचय र जानकारी गर्ने (ग) नेपालमा जलवायु परिवर्तन सम्बन्धित सङ्घसंस्था र सरोकारवाला निकाय (सरकारी, गैरसरकारी, प्राज्ञिक संस्था, र दाता) सँग राय सुझावको लागि परामर्श गर्ने, र (घ) क्षेत्रगतरुपमा जलवायु परिवर्तनमा काम गर्ने निकायलाई प्राविधिक सहयोग र संयोजन गर्न नेपाल सरकार विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयले आह्वान गर्ने कार्यक्रमको उद्धेश्य थियो ।

## ३. कार्यक्रमको विवरणः

औपचारिक कार्यक्रमः

कार्यक्रमको शुरुवातमा उद्घोषिका श्री शुशिला पण्डितले कार्यक्रममा उपस्थित सम्पूर्ण सहभागीहरुलाई स्वागत गर्दै अतिथीहरुलाई क्रमै सँग आसन ग्रहणको लागि अनुरोध गर्नुभयो ।

## ३.१ सहभागी

यस शुभारम्भ कार्यक्रमका कुल १४० सहभागी विभिन्न निकायबाट (सरकारी, गैरसरकारी संस्था, महासघ, सञ्जाल, प्राज्ञिक संस्था, राष्ट्रसंघ, दाता र संचारकर्मि) प्रतिनिधित्व भएको थियो ।

## ३.२ आसन ग्रहणः

| | |
|---|---|
| सभाध्यक्ष | : डा. कृष्ण चन्द्र पौडेल, सचिव, विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय |
| प्रमुख अतिथि | : डा. भारतेन्दु मिश्र, सदस्य राष्ट्रिय याजना आयोगको सचिवालय |
| | : श्री राम प्रसाद लम्साल, सह सचिब एवं प्रमुख जलवायु परिवर्तन व्यवस्थापन महाशाखा, विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय |
| | : गेहेन्द्र गुरुङ्ग, प्राक्टिकल एक्शन नेपाल जलवायु परिवर्तन र प्राकृतिक प्रकोप व्यवस्थापन शाखा प्रमुख |

## ३.३ स्वागत मन्तव्यः

**राम प्रसाद लम्साल,**

**सह सचिव एवं प्रमुख जलवायु परिवर्तन व्यवस्थापन महाशाखा, विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय**




कार्यक्रममा उपस्थित हुनु भएको सम्पूर्ण अतिथिगण तथा सहभागीहरुलाई धन्यवाद ज्ञापन गर्दै न्यापको कमजोरी र सवल पक्षको बारेमा सह-सचिव राम प्रसाद लम्साल ज्यूले  अवगत गराउनु भएको थियो । त्यस्तै हाम्रो देश जलवायू परिवर्तनको हिसावले उच्च जोखिममा रहेको कारण राष्ट्रिय अनुकूलन योजना (न्याप) तर्जुमा प्रक्रिया नेपालमा अत्यावश्यक भएको कुरा पनि उहाँले जोड्नु भयो । विविध कारणहरुले गर्दा न्याप शुभारम्भमा केही ढिलासुस्ती भएको कुरालाई स्वीकार गर्दै सह-सचिव ज्यूले सहयोगी हातहरु धेरै भएकोले चिन्ता नलिई न्याप प्रक्रियालाई सफल बनाउनको लागि हामी सबै कटिबद्ध हुनुपर्ने बताउनुभयो ।  नेपालमा WWF ले गरेको न्यापको पहिलो प्रयास र हाल प्राक्टिकल एक्शनले गरेको संयोजनलाई विशेष धन्यवाद दिँदै जलवायु परिवर्तनको क्षेत्रमा काम गर्ने हामी सबै प्रतिनिधी संघसस्थाहरु भएकाले हामीले चाह्यौं भने गर्न नसक्ने केही छैन भन्ने कुरामा जोड दिदै आफ्नो मन्तव्य पुरा गर्नु भएको थियो ।

## ३.४ राष्ट्रिय अनुकूलन योजना तर्जुमा प्रक्रिया शुभारम्भ घोषणा



प्रमुख अतिथि मा.डा.भारतेन्दु मिश्रज्यूबाट सम्बोधन एवं नेपालमा राष्ट्रिय अनुकूलन योजना तर्जुमा प्रक्रिया शुभारम्भ (Launching of the process to formulate National Adaptation Plan in Nepal) भएको घोषणा गर्नुभयो । अन्य कार्यक्रमहरु भन्दा भिन्न किसिमले यस कार्यक्रममा विज्ञान दिवशको अवरमा प्रमुख अतिथिद्वारा फूल रहेको गमलामा पानी हालेर कायक्रमको औपचारिक उद्घाटन गरियो ।

## ३.५ प्रस्तुतिकरण सत्रः

**प्रस्तुतकर्ताः नरेश शर्मा,**

**वरिष्ठ कृषि अर्थ बिज्ञ न्याप संयोजक विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय**




नरेश शर्मा ज्यूले आफ्नो प्रस्तुतीकरणमा न्यापको परिवेश, उद्देश्य, आवश्यकता, उपलब्धि र अन्य केही महत्वपूर्ण विषयहरुको उठान भयो जुन समय सान्दर्भिक र अतिथी सँगसँगै सहभागिहरुलाई पनि बुझ्न सरल र सहज भएको थियो (अनुसुची १) । शर्माज्यूले प्रस्तुतिमा रहेका न्यापको प्रस्तावित कार्यविधि र प्रक्रिया नेपाल सरकारले स्विकिती प्राप्त गरेको अबधारणा पत्रको आधारमा रहेको ध्यानआकर्शन गनुभयो ।

प्रस्तुतिकरण निम्न विषयबस्तुहरुमा आधारित रहेको थियोः

- अनुकूलनको प्रारम्भ महासन्धि अनुरुप पक्ष राष्ट्रहरुको लागी महत्वपूर्ण निर्णयहरुको बारेमा जानकारी,
- नेपालमा राष्ट्रिय अनुकूलन कार्यक्रमको थालनी,
- जलवायु परिवर्तनको चुनौति बढ्दै गएकोले अनुकूलनका कार्य मध्यकालीन र दीर्घकालीन रुपमा गर्नु पर्ने विषयमा जोड,
- सन् २०११ मा सम्पन्न डर्वान सम्मेलनले महासन्धिका पक्ष राष्ट्रहरुको प्रारम्भिक निर्देशिका दिएको जानकारी सँगै अति कम विकसित राष्ट्रहरुको लागि न्याप प्राविधिक निर्देशिका तयार भएको कुरा प्रष्ट पारियो भने यो निर्देशिका बमोजिम नेपालले न्याप तर्जुमा गर्ने उद्देश्य राखेको कुरा बताइयो,
- राष्ट्रिय अनुकूलन कार्यक्रम तथा योजना बीचको भिन्नताको बारेमा प्रस्ट्याइयो,

- राष्ट्रिय अनुकूलन योजना तर्जुमा तथा कार्यान्वयनबाट फाईदाको बारेमा जानकारी,
- राष्ट्रिय अनुकूलन योजना सम्बन्धी मन्त्रालयका कार्यहरुको बारेमा जानकारी,
- राष्ट्रिय अनुकूलन योजना सम्बन्धमा अन्य संस्थाबाट भएका कार्यहरुको बारेमा जानकारी,
- न्याप तर्जुमाको रुपरेखा र मन्त्रालयको नेतृत्वदायी भूमिका रहने तथा लैङ्गिक-सम्वेदनशीलता, सहभागीतात्मक र पारदर्शिता सुनिश्चित हुने गरी न्यापको तर्जुमा हुने । विषयगत क्षेत्रको छनौटमा नापाकै प्रकिया अपनाई निम्न विषयगत र अन्तर-विषयगत कार्यसमूह वनाउने र (१) कृषि तथा खाद्य सुरक्षा, (२) वन तथा जैविक विविधता, (३) जलस्रोत तथा ऊर्जा, (४) जनस्वास्थ्य, (५) जलवायुजन्य प्रकोप, (६) शहरी वसोवास तथा पूर्वाधार, तथा (७) पर्यटन, प्राकृतिक तथा सांस्कृतिक सम्पदा नामक कार्यसमूह (८) लैङ्गिक तथा आरक्षित समुदाय (समाजिक समावेशीकरण), र (९) जीविकोपार्जन तथा सुशासन सम्बन्धी २ वटा अन्तर-विषयगत (cross-cutting) कार्यसमूह ।
- प्रारम्भिक निर्देशिका तथा न्याप प्राविधिक निर्देशिकाका चरणहरुको बारेमा प्रस्ट पारियो ।

### न्याप तर्जुमाको लागि प्रस्तावित कार्यविधि (Working Procedure)

- **न्याप तर्जुमाको प्रकिया शुरु भएको सार्वजनिक गर्ने (NAP launching) ।**
- **मन्त्रालयले प्राविधिक समितिको गठन गर्ने ।**
- **कार्यसूची सहित क्षेत्रगत मन्त्रालयहरुलाई सम्बन्धित विषयगत कार्यसमूह वनाउन अनुरोध गर्ने ।**
- **विषयगत कार्यसमूहहरुको कार्यलाई सहज वनाउन आवश्यक प्राविधिक तथा आर्थिक स्रोतको ब्यवस्था मिलाउने ।**
- **वस्तुस्थिति अध्ययन तथा कमी कमजोरीको विश्लेषण पश्चात: राष्ट्रिय तथा स्थानीयस्तरमा क्षेत्रगत विकास योजनामा जलवायु अनुकूलनलाई के कसरी एकीकृत गर्ने भन्ने राय सुझाव सङ्कलन गर्न कार्यशाला आयोजना गर्ने ।**
- **हरेक क्षेत्रगत कार्यसमूहले आवश्यकतानुसार सरोकारवालाहरुसंग छलफल गरी प्राप्त राय सुझावलाई उपयोग गर्ने ।**
- **सवै विषयगत कार्यसमूहले न्यापमा रहनु पर्ने पक्षहरु यकिन गरेपछि मन्त्रालयले राष्ट्रिय अनुकूलन योजना तयार गर्ने र राय सुझावको लागि सार्वजनिक गर्ने, परामर्श, अन्तर्क्रिया, कार्यशाला गर्ने ।**
- **सम्बन्धित मन्त्रालयहरुबाट औपचारिक राय सुझाव सङ्कलन गर्ने ।**
- **प्राप्त राय सुझावको आधारमा मन्त्रालयले राष्ट्रिय अनुकूलन योजनालाई अन्तिम रुप दिने र नेपाल सरकारको निर्णयार्थ पेश गर्ने ।**
- **योजना कार्यान्वयनको लागि कार्यान्वयन रणनीति, अनुगमन तथा मूल्याङ्कन तथा रिपोर्टिङ्गका प्रकियाहरुको विकास गर्ने ।**
- **अनुकूलन योजना कार्यान्वयनको लागि आवश्यक आर्थिक स्रोत जुटाउन मन्त्रालयले पहल गर्ने र सम्बन्धित सरोकारवालाहरुबाट कार्यान्वयन गर्ने ।**

## ३.६ मन्तव्यः

**भारतेन्दु मिश्र,**

**सदस्य, राष्ट्रिय योजना आयोगको सचिवालय**




जलवायु परिवर्तनको क्षेत्रमा आफू विज्ञ नभए पनि यो विषय चाख लाग्दो भएको र कृषि क्षेत्रमा यसले तुलनात्मक रुपमा बढि प्रभाव पारेको हुनाले न्याप प्रक्रियाको शुभारम्भ अत्यावश्यक रहको कुरालाई प्रस्ट्याउँदै राष्ट्रिय योजना आयोगको सचिवालयका डा. भारतेन्दु मिश्रले आफ्नो मन्तव्यको सुरु गर्नुभयो । उहाँले आफ्नो मन्तव्यमा दुई वटा मुख्य कुरालाई जोड दिनु भयो । पहिलो त नेपाल कम विकसित देशको सूचिमा परेको कारण र दोश्रो नेपालको भौगौलिक संरचनाले हामीलाई त्यती नठगे पनि जलवायु परिवर्तनको दृष्टिकोणले हेर्दा यसको असर नेपालले धेरै नै खेप्नु परेको अवस्था छ भन्ने किसिमका विश्लेषण उहाँको रह्यो । जलवायु परिवर्तनको उच्च खोजिममा रहेको हाम्रो देश नेपालमा यसैको कारण देशको अर्थतन्त्रमा ठूलो असर परेको र फेरी अर्थतन्त्रकै कारण देशको कृषि क्षेत्रमा पनि उत्तिकै असर पुगेको अवस्थामा नेपाल सरकारको अगुवाइमा यसका हानीलाई न्यूनिकरण गर्ने हेतुले अन्य संघसस्थाको समान सहकार्यमा कदम अघि बढाउनु पर्ने आवश्यता देखिएको कुरा पनि उहाँले उल्लेख गर्नुभयो ।

बैशाख १२, २०७२ सालको विनासकारी भूकम्प पछिको अवस्थामा जलवायु परिवर्तनको असर झनै विकराल हुनसक्ने सम्भावनाको कारण समयमै हामी सबै सचेत हुन पनि आवश्यक छ र सँगसँगै जलवायु परिवर्तनले प्राकृतिक प्रकोपमा पनि प्रभाव पार्नसक्ने भएकाले यस विषयमा पनि उचित अध्ययन हुन जरुरी छ भनेर उहाँले जोड दिनुभयो । त्यस्तै विदेशीले जलवायु परिवर्तनको क्षेत्रमा काम गर्ने दिएको सहयोगको सहि ठाउँमा सहि उपयोगिता भएको छ छैन भनेर अध्ययन गर्नु पनि उत्तिकै आवश्यक रहेको बताउनुभयो ।

जलवायु परिवर्तनलाई हामीले निर्मूल पार्न सक्दैनौं तर यसबाट हुने हानीलाई भने हामी पक्कै कम गर्न सक्छौं भन्ने कुरामा उहाँको जोड थियो । अबका दिनमा के कसरी अघि बढ्ने हो भन्ने विषयमा अबको छलफललाई केन्द्रित गर्नु पर्ने आग्रह सँगै राष्ट्रिय योजना आयोग कुनै पनि हिसाबमा सहयोग गर्न तत्पर छ भन्दै श्री भारतेन्दु मिश्र ज्यूले आफ्नो मन्तव्य टुङ्गाउनु भयो ।

**सभाध्यक्ष कृष्ण चन्द्र पौडेल,**

**सचिव, विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय**



सर्वप्रथम सभाध्यक्ष डा. कृष्णचन्द्र पौडेल ज्यूले हामी कोही पनि जलवायु परिवर्तनको असरबाट अछुतो छैनौं भन्ने कुरा सबै सामु अवगत गराउनु भयो । २०७२ साल बैशाख १२ गते र त्यसपछिका विनासकारी भूकम्पले देश तितरबितर पारेको र नेपालको संविधान २०७२ आइसके पछिको अवस्थामा जलवायु परिवर्तनको विषयहरुले मुख्य चासो लिने कुरामा पनि कुनै दुई मत छैन भनेर पनि उहाँले बताउनुभयो । त्यसैले अबका दिनमा हामी सबै मिलेर यो क्षेत्रमा काम गर्नुपर्ने आवश्यता छ र सबैले जलवायु परिवर्तनको बारेमा बुझ्नु र जान्नु पनि उत्तिकै आवश्यक छ भनेर पनि जोड्नु भयो ।

नरेश शर्मा ज्यूले दिनु भएको प्रस्तुतिकरणको बारेमा उल्लेख गर्दै, त्यहाँ समाबेश गरिएको न्याप तर्जुमाको रुपरेखा अन्तर्गतको ९ वटा विषयगत र अन्तर्-विषयगत समूहहरु विभाजनमा अझै सम्वधित निकायसँग छलफल आवश्यक रहेको र न्याप तर्जुमा प्रक्रिया अझै सुक्ष्म हिसाबले तयार गरिनु पर्थ्यो की भनेर पनि आफ्नो विचार व्यक्त गर्नुभयो । त्यसैगरि नापा हुँदा हुँदै न्यापको आवश्कता किन भन्ने बारेमा अझै स्पष्ट र उपयूक्त ब्याख्यान हुनुपर्थ्यो भनेर पनि उहाँले बताउनु भयो ।

“हामी पिछडिनुको कारण हाम्रो सोचाई बैज्ञानिक नहुनु र हाम्रो व्यवहार वातावरण मैत्री नभएर हो त्यसैले आज विज्ञान दिवशको दिन यी दुई कुराहरुलाई हामीले आत्मसाथ गर्नेछौं, हामी सबै सङ्कल्प गरौं” भन्ने अभिव्यक्तिलाई विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयका सचिव श्री कृष्णचन्द्र पौडेल ज्यूले दिनुभयो । जलवायु परिवर्तनको क्षेत्रमा तुलनात्मक हिसाबले पहिलेको भन्दा अहिले चेतना बढेको छ तर त्यसलाई अझै प्रभावकारी बनाउनु आवश्यक रहेको कुरालाई पनि उहाँले जोड्नु भयो । “योजना तयार गर्ने प्रक्रियामा हामी पोख्त छौं, हामीमा समिक्षा गर्ने सीप उत्तिकै राम्रो छ भने चिन्ता गर्नुपर्ने आवश्यक छैन तर हामी सबै होसियार भने पक्कै हुनुपर्छ र त्यसैगरि कार्ययोजना प्रक्रियालाई पनि राम्रो बनाउन सकियो भने यस क्षेत्रमा काम गर्ने आर्थिक सहयोग सजिलै पाउँनेछौं” भन्दै आशावादी रहन पनि सबैलाई उहाँले अनुरोध गर्नुभयो ।

जलवायुको क्षेत्रमा हाम्रो देश नेपालमा सबैले आफ्नो क्षेत्रबाट कुनै न कुनै रुपमा योगदान दिईनै रहेको पाईन्छ तर पनि यो सबैको साझा कार्यक्रम भएको हुनाले सबैले एउटै धारमा रहेर योजनाबद्ध रुपमा काम गर्न सक्यौं भने हामी सफल हुनुको कुनै विकल्प नरहेको र अर्को मुख्य कुरा बिगतका कार्यहरुबाट धेरै सिकाईहरु ग्रहण गरेर अघि बढ्यौं भने उद्देश्य पूरा हुनेछ भन्दै यस क्षेत्रको विकासको निम्ती मन्त्रालय सधैं सहयोग गर्न तत्पर छ भन्ने प्रतिबद्धताका साथ सचिवज्यू कार्यक्रमबाट बिदा हुनुभयो ।

## ३.७ प्राविधिक छलफल सत्र र सहभागीको सुझाब

**प्राविधिक सत्रको अध्यक्षः राम प्रसाद लम्साल**

**सहजकर्ताः नरेश शर्मा**

राम प्रसाद लम्साल ज्यूको अध्यक्षतामा सुरु गरिएको प्राविधिक सत्रमा सहभागीहरुले आफूलाई लागेका जिज्ञासा, सल्लाह र सुझावहरु संकलन गरि न्याप प्रक्रियालाई समावेशी, जवाफदेहि र उत्तरदायी बनाउने यस सत्रको उद्देश्य रहेको थियो । प्रस्तुतीकरण पश्चात् उक्त विषयमा सहभागीहरुले राख्नुभएको जिज्ञासा र दिनुभएको सल्लाहहरुलाई बुँदागत रुपमा तल उल्लेख गरिएको छ ।

### ३.७.१ प्रस्तुति सम्बन्धी सुझाब



प्रस्तुति माथि सहभागिहरुले विशेष गरी योजना तर्जुमा प्रक्रिया, अन्तरविभागीय एवं सँस्थागत समन्वय, अध्ययन अनुसन्धान, उपयुक्त तथ्याङ्क, अन्य क्षेत्रहरुका योजानाहरुमा गरिनुपर्ने मूलप्रवाहिकरण, योजना तर्जुमा प्रक्रियामा एकरुपता र योजनाहरुको कार्यान्वयनमा सम्बन्धित क्षेत्रको उपयुक्त प्राविधिक क्षमता विकास र अपनत्वका बारेमा सुझाव दिनुभएको थियो । यस सत्रमा प्रस्तुति माथि सहभागीहरु मार्फत प्राप्त भएको सुझावहरुलाई विभिन्न ५ शिर्षकहरुमा रहेर बुँदागत रुपमा प्रस्तुत गरिएको छः

#### ३.७.१.१. न्याप योजना तर्जुमा प्रक्रिया

- दिगो विकासका सन्दर्भमा न्यापलाई एउटा अवसरको रुपमा लिएर यसको कार्यक्षेत्रलाई अझ स्पष्ट र दायरालाई फराकिलो बनाइनुपर्ने । नेपालको सन्दर्भमा उपयूक्त प्राथमिकता, जलवायु परिवर्तन अनुकूलनका

सम्बन्धमा हाम्रो नीति, क्षमता र गर्न सकिने अपेक्षाहरुलाई मध्यनजर गर्दै न्यापको कार्यक्षेत्र फराकिलो हुनु आवश्यक रहेको ।

- न्याप दिर्घकालिन प्रक्रिया भएको हुनाले नापाको सिकाइलाई ग्रहण गरेर आउने दिनमा कस्तो किसिमको लक्ष्य लिइरहेका छौं, जलवायु अनुकूलनको क्षेत्रमा कस्तो उद्देश्य निर्धारण गरेका छौं भन्ने कुरालाई व्याख्या गर्नुपर्ने आवश्यता रहेको छ । विशेष स्टोक टेकिङ्ग प्रक्रियामा नापाका सिकाईहरुलाई मध्यनजर गर्नुपर्छ ।
- भविष्यमा जलवायु परिवर्तन सम्बन्धी लगानी र सहयोगमा न्यापलाई आधार मानेर गरिने भएकाले न्यापको कार्यान्वयन क्षेत्र र सीमा निर्धारण गर्न सकिएमा भविष्यमा हामीले कस्तो किसिमको अन्तर्राष्ट्रिय स्तरको प्रस्तावना बनाउने भन्ने कुरामा निर्देशन मिल्नसक्ने ।
- न्याप प्रक्रियाले अब बन्ने विकास योजनाहरु जलवायु अनुकूल बनाउन र स्थीनय समुदायको आवश्यकता अनुसारको बन्ने सुनिश्चित गर्नुपर्छ ।
- राष्ट्रिय प्रक्रियामा नेपाल सरकारले न्याप ल्याउने बित्तिकै कतिपय संस्थाले न्याप र नापा अन्तर्गतको कार्यक्रम भनिरहेको अवस्थामा के कस्ता योजना कार्यक्रमहरु न्यापसँग सम्बन्धित हुनेछन् भन्ने मापदण्डहरु तय गरिनुपर्ने ।
- कार्यान्वयनमा आईसकेका कार्यक्रमहरुको अनुभव र मुद्दाहरुको अभिलेख बनाई न्यापमा प्रयोग गर्नुपर्ने ।
- न्यापको तयारी र कार्यान्वयन जलवायुजन्य प्रकोपहरुको आधारमा गरिनु उपयुक्त हुने ।
- न्याप प्रक्रिया राष्ट्रियस्तरबाट आउने हो की विभिन्न विषयगत क्षेत्रगत हिसाबले अघि बढ्ने हो भन्ने कुरामा स्पष्ट हुनुपर्ने ।
- न्याप योजना तर्जुमा राष्ट्रिय स्तरको हुनुपर्ने तर प्रक्रिया शुभारम्भ कार्यक्रमको कुराहरु सुन्दा स्थानीय स्तरको लागि चाहिँ भैरहेको जस्तो भाने हुँदा यस प्रक्रियालाई प्रभावाकारी बनाउनको लागि स्थानीय तहमा भन्दा पनि तहगत वा वृत्तखण्ड हिसावको योजनाहरु तर्जुमा हुनुपर्छ ।
- अबको प्रक्रियामा केन्द्र देखि गाउँ सम्म कसरी पुग्ने भन्ने किसिमको सम्बन्धित सँरचना बनिनुपर्छ

### ३.७.१.२. अन्तरविभागीय एवं सँस्थागत समन्वय

- यो प्रक्रियालाई मन्त्रालयको स्वामित्व प्रदान गर्ने हो भने वर्तमान समन्वय समिती अन्तर्गत रहेर योजनाहरु बनाउन सकियो भने नयाँ कार्य समितीहरु गठन नगरी नै यो कार्ययोजना कार्यान्वयनमा आउँथ्यो होला ।
- एउटै धाराको काम भएता पनि अन्तर्-संस्थागत समन्वयकारी भूमिकाको फितलो भएको हुनाले सबैको तारतम्य मिल्नुपर्ने आवश्यकता ।

- विभिन्न मन्त्रालय विभागहरुको संस्थागत क्षमताको पनि मूल्याङ्कनको आवश्यकता रहेको ।
- न्याप प्रक्रियामा अन्तर्-संस्थागत बहुपक्षिय अन्तर्क्रियाहरुलाई सघन गरिनुपर्ने ।
- गठन हुन लागेको प्राविधिक कार्य एवं समन्वयका लागि मन्त्रालयमा अन्तर्-निकाय प्राविधिक समिती संरचना ठूलो भयो । कार्य समितीलाई अझ सानो बनाउन सकेमा प्रभावकारिता बढ्न सक्ने । कार्यसमूह एक दुई जनाको प्रतिनिधित्वले सफल हुने कुरा हैन त्यसकारण यो कार्यगत जिम्मेवारीको आधारमा हुनुपर्छ ।

### ३.७.१.३. थप क्षेत्र र विषयहरु न्याप प्रक्रियामा समावेश

- षियगत जानकारी र तिनको जीविकोपार्जनसँगको सम्बन्धलाई विकास एवं उद्यमशिलताको बाटो तर्फ पहिचान गर्न सकियो भने अझै उपयोगी र प्रभावकारी हुनसक्ने ।
- जलवायु परिवर्तन सबै क्षेत्र विषयसँग सम्बन्धित भएकाले यो न्याप प्रक्रियालाई समावेशी हिसाबले बनाउनु पर्ने आवश्यकता छ ।
- हामीले इकोसिस्टम, समुदायलाई लक्षित गर्न सक्ने हो भने प्रभावकारी हुने ।
- नापा प्रक्रियामा लैङ्गिक समावेशी उत्साहजनक थिएन त्यसकारण त्यस विषयमा ध्यानाकर्षण हुनुपर्ने ।
- भूउपयोग जस्तै कृषियोग्य जमिनको प्रयोग, शहरिकरणको कुराहरु न्याप प्रक्रियामा समावेश हुनुपर्ने ।
- यो प्रक्रियाले वातावरणीय लेखा परिक्षण र मूल्याङ्कन जस्ता वातावरणिय सुशासनका कुरा (environmental governance) समेटनुपर्ने ।
- आर्थिक सामाजिक विषयहरु जस्तै बसाइसराईका कुराहरु पनि न्याप प्रक्रियामा उल्लेख हुनुपर्ने । न्याप प्रक्रियाको कार्य समूहमा आप्रवासनको कुरा पनि ध्यान दिइयोस ।

### ३.७.१.४. अध्ययन अनुसन्धान

- सूचना केन्द्र स्थापना गर्न सकियो भने अन्तर् संस्थागत अनुभवहरुको एकअर्कामा आदानप्रदान हुने सम्भावना बढ्न सक्छ जसले गर्दा एउटै क्षेत्रमा गर्न लागिएको कुनै पनि कार्यक्रम दोहोरिने प्रणालीलाई कम गर्नसकिने ।
- प्रारम्भिक संभाव्यता अध्ययनको पनि आवश्यकता । न्याप प्रक्रियालाई सुक्ष्म रुपमा अध्ययन गरेर प्रक्रियागत रुपमा अघि बढ्न सकेमा भोलिको दिनमा पछाडी फर्केर हेर्नुपर्ने आवश्यकता हुँदैन ।
- जलवायु परिवर्तनको जोखिमलाई सामुदायिक स्तरमा घटाउनको लागि न्याप प्रक्रियामा जलवायु जोखिम संकेतसूचि (Climate Vulnerability Index) लाई प्राथमिकताका साथ व्याख्या गरिनुपर्छ ।

- न्यापको प्रारम्भिक डाटा संकलनको लागि अनुसन्धानको पाटो अत्यावश्यक रहेको र त्यसको लागि अनुसन्धानमा कार्यरत संस्थाहरुलाई अलि बढि प्रोत्साहन दिएमा उपर्युक्त हुने । यसले आउने दिनमा मूल्याङ्कनमा थप सहयोग प्रदान गर्ने
- न्याप प्रक्रियामा ध्यान दिनु पर्ने अर्को महत्वपूर्ण विषय भनेको स्थानीय ज्ञान र स्थानीय रुपमा उपलब्ध हुने श्रोत र साधनहरुको प्रयोग जसले गर्दा दाताहरुको मात्र भरमा नबसेर नै न्यापलाई दिगो रुप दिन सकिन्छ । स्थानीय ज्ञानहरुको अभिलेख राख्ने ।
- न्यापले जलवायु परिवर्तनका नकारात्मक पक्षहरुलाई मात्र भन्दा पनि यसका सकारात्मक पक्षहरुलाई पनि समावेश गर्नुपर्ने, जस्तै मुस्ताङ्गमा सुन्तला फलाउन सकिएका उदाहरणहरु ।
- कुनै पनि अनुभवहरुको मुद्दा अभिलेखन/प्रलेखन राख्न सकियो भने किसानहरुलाई के कसरी अनुकूलनमा सहयोग गर्ने भन्ने किसिमका कार्यक्रहरु लिएर आउन सजिले हुनसक्ने ।

### ३.७.१.५. योजना कार्यान्वयन पक्ष

- हाम्रो देशको सन्दर्भमा हेर्ने हो भने योजनाहरु एकदमै राम्रा र प्रभावकारी बन्छन् तर तीनको कार्यान्वयनको पक्ष एकदमै कमजोर छ र मूल्याङ्कनको पक्ष पनि निराशाजनक नै छ । त्यसैले न्याप प्रक्रिया तयार गर्दा कार्यान्वयन र मूल्याङ्कनको पक्षलाई बैज्ञानिक र स्पष्ट रुपमा व्याख्या गरिनु आवश्यक छ ।
- जलवायु परिवर्तन र अनुकूलनको नाममा अव्यवस्थित हिसाबले कार्यक्रम र आयोजनाहरु भित्रिरहेको अवस्थामा छ । त्यसलै हामीसँग भएको जलवायु परिवर्तन र अनुकूलन नीती छ जस अन्तर्गत नीतिगत कार्यक्रमहरु पनि छन् । त्यसैले अबका दिनमा जलवायु परिवर्तन र अनुकूलनको हिसाबले हामी सँग भएका नीतिहरुको लेखा परिक्षण गर्ने जसले गर्दा कार्यक्रमहरु व्यवस्थित हुनु सँगसँगै दोहारिने प्रक्रिया पनि कम हुन जान्छ । यस हिसावले कार्य नीति बनाउने हो भने कुनै पनि कार्यक्रम वातावरणमैत्री र जलवायु परिवर्तन र अनुकूलनको आधारमा पर्छ की पर्दैन भनेर विभाजन गर्न पनि सहज हुने ।
- योजना राम्रा बने पनि कार्यान्वयनको पक्ष फितलो छन् । छुट्टाइएका श्रोत साधन र रकमहरु सहि ठाउँमा पुगोस् भन्ने अनुरोध ।
- देशको राजनैतिक विभाजन बमोजिम न्याप प्रक्रियालाई कसरी अघि बढाउने भन्ने कुरामा पनि हाम्रो ध्यानाकर्षण हुनुपर्ने ।

राष्ट्रिय अनुकूलन योजना तर्जुमा प्रक्रियाको प्रारुप सम्बन्धी छलफल र सुझाव संकलन पश्चात सहसचिव राम प्रसाद लम्साल ज्यू र प्राक्टिकल एक्शनका श्री गेहेन्द्र गरुङ्ग ज्यूले आफ्नो टिप्पणीहरु राख्नुभयो जुन यस प्रकार छ:

### ३.७.२ प्राविधिक सत्रको टिप्पणीः

**राम प्रसाद लम्साल, प्रमुख जलवायु परिवर्तन व्यवस्थापन महाशाखा, विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयका सह-सचिव एवं प्रमुख**

श्री राम प्रसाद लम्साल ज्यूले सहभागीहरु सबैले उठाउनु भएको विषयवस्तु जायज र समयसान्दर्भिक रहेको भन्दै सबैलाई धन्यबाद ज्ञापन गर्नुभयो र प्राविधिक सत्रको छलफल प्रक्रियागत र आवश्यक विषयवस्तुमा केन्द्रित रहेको पनि बताउनुभयो । "हामी सबै प्रारम्भिक चरणमा छौं, आत्तिनु पर्ने केही छैन र बिबाद गर्नुपर्ने आवश्यक पनि छैन" भनेर सबैलाई आश्वस्त गराउने उहाँको प्रयास थियो र उहाँले हामी सँग कोष छ, काम गर्ने जाँगर छ त्यसकारण क्षमता अनुसारको सहजिकरण गरिनुपर्ने आवश्यकता रहेको कुरालाई स्वीकार गर्नुभयो । आफूले टिप्पणी दिने क्रममा उहाँले मन्त्रालयले आर्थिक सहयोग मात्र खोजेका हैन, प्राविधिक सहयोग पनि उत्तिकै अपेक्षा रहेको भनेर सबैलाई अवगत गराउनुभयो । कार्यक्रममा उपस्थित सहभागी संस्थाहरुले न्याप प्रक्रियालाई वैज्ञानिक हिसाबले अघि बढाउनका लागी सक्दो सहयोग र सहकार्य गर्ने प्रतिबद्धता दिनु भएकोमा धन्यबाद ज्ञापन गर्नुभयो । नेपालमा वैज्ञानिक आधारमा लिईएको निर्णयहरु अवलम्बन नगर्ने हो भने अफठ्यारो स्थितिको सृजना हुने सम्भावना प्रवल रहेको छ भन्ने कुरा पनि उहाँले उद्धृत गराउनुभयो भने न्याप प्रक्रिया प्राकृतिक प्रकोप सँग जोडिनुपर्छ भनेर जानकारी सहितको अनुरोध गर्नुभयो । अन्त्यमा न्याप प्रक्रिया हाम्रो आवश्यता , प्राथमिकता र बाध्यता हो भन्ने कुरालाई विशेष जोड दिनुभयो ।

### ३.७.३ धन्यवाद मन्तव्य

**गेहेन्द्र गुरुङ्ग, जलवायु परिवर्तन र प्राकृतिक प्रकोप व्यवस्थापन शाखा प्रमुख, प्राक्टिकल एक्शन नेपाल**

श्री गेहेन्द्र गरुङ्गले अन्त्यमा न्यापको परिवेशको बारेमा थप जानकारी दिदै, अनुकूलनको लागि नापा तत्कालै गरिनु पर्ने अत्यावश्यक कार्यको पहिचान हो भने न्याप मध्यकालिन् र दिर्घकालिन् कार्यहरुको पहिचानको बारेमा जोड दिनुभयो । कार्यक्रममा उपस्थित अतिथी तथा सहभागीहरुलाई आफ्नो सल्लाह, सुझाव र महत्वपूर्ण निर्देशनको लागि धन्यवाद दिनुभयो र कार्यक्रममा दिनु भएको सल्लाह सुझाव र निर्देशन अबको न्याप प्रक्रियामा सम्मेलित हुने प्रतिबद्धता पनि जनाउनुभयो । प्राक्टिकल एक्शनले राष्ट्रिय अनुकूलन योजना तर्जुमा प्रक्रियाको शुभारम्भ कार्यक्रम संचालन गर्न विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयलाई सहयोग गरेता पनि सबै सरोकार निकायले वातावरण मन्त्रालयलाई आफनो क्षेत्रगत निपूणताको आधारमा न्याप प्रक्रियालाई प्राविधिक सहयोग गर्न अनुरोध गर्नु भयो ।

अन्त्यमा सह-सचिव राम प्रसाद ज्यूले फेरी पनि कार्यक्रमलाई सफल बनाउनको निम्ति दिनुभएको सबैको साथ र सहयोगलाई धन्यवाद दिदै कार्यक्रम औपचारिक रुपमा अन्त्य भएको घोषणा गर्नुभयो ।

# अनुसुची

## अनुसूची १: कार्यक्रमको प्रस्तुतिकरण सत्रमा प्रस्तुत गरीएका सामाग्रीहरु

### राष्ट्रिय अनुकूलन योजना तर्जुमा प्रक्रिया प्रारम्भ

१ असोज २०७२, शुक्रबार

होटल अन्नपूर्ण

नरेश शर्मा

बरिष्ठ कृषि अर्थ विज्ञ

जलवायु परिवर्तन व्यवस्थापन महाशाखा

विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय

### अनुकूलनको प्रारम्भ

- महासन्धिको धारा ४.९ मा अति कम विकसित राष्ट्रहरुलाई प्रविधि र आर्थिक सहयोग गर्ने प्रतिवद्धता ।
- महासन्धिको ७ औं सम्मेलनले ४ वटा निम्न निर्णयहरु भएको ।
  - तत्कालै गरिनुपर्ने र अत्यावश्यक अनुकूलन कार्यक्रम पहिचान गर्न नापा तर्जुमा गर्न निर्देशिकाको स्वीकृति
  - एल.डी.सी. कोषको स्थापना
  - एल.डी.सी. कार्यक्रम, तथा
  - एल.डी.सी.लाई मुख्यतया जलवायु अनुकूलनमा प्राविधिक सल्लाह दिन र सहयोग गर्न एल.डी.सी. विज्ञ समूह (लेग) को स्थापना

### नेपालमा राष्ट्रिय अनुकूलन कार्यक्रम

- आज अनुकूलनका वारेमा छलफल गर्ने दिन ।
- नेपालले वि.सं. २०६६ साल भदौ महिनामा नापा तयार गरेको ।
- नापामा कूल ९ वटा प्राथमिकताका तत्काल गरिनु पर्ने अनुकूलनका कार्यहरु रहेकोमा केही कार्यहरु कार्यान्वयनमा रहेको।
- नेपालका अनुकूलनका कार्यहरु समुदाय र इकोसिष्टम आधारित ।
- अनुकूलनका कार्यहरु जलवायु परिवर्तन नीतिको पालना गर्दै स्थानीय अनुकूलन कार्य योजनाहरु (लापा) तयार गरी कार्यान्वयनमा रहेका ।
- अनुकूलनका कार्यहरुबाट जनताको अनुकुलित तथा समानुकूलित हुने क्षमतामा अभिबृद्धि भएको ।

### राष्ट्रिय अनुकूलन योजना

- जलवायु परिवर्तनको चुनौति बढ्दै गएकोले अनुकूलनका कार्य मध्यकालीन र दीर्घकालीन रुपमा गर्नुं पर्ने ।
- नेपालको लागि अनुकूलन अझै आवश्यक, लामो समयसम्म कटिवद्ध भएर लाग्नु पर्ने ।
- सन् २०१० मा मेक्सिकोको क्यानकुनमा सम्पन्न महासन्धिको पक्ष राष्ट्रहरुको १६औं सम्मेलनमा विकासोन्मुख र अति कम विकसित राष्ट्रहरुका लागि अनुकूलन सम्बन्धी मध्यकालीन र दीर्घकालीन कार्यहरुको पहिचान, प्राथमिकीकरण तथा विकास योजनामा एकीकृत गर्दै लग्न राष्ट्रिय अुनकूलन योजना प्रक्रिया सुरु गर्न निर्णय भएको ।
- अति कम विकसित राष्ट्रले नापाको अनुभवको समेत उपयोग गर्ने ।

### राष्ट्रिय अनुकूलन योजना सम्बन्धी निर्देशिका

- महासन्धिका पक्ष राष्ट्रहरुको सन् २०११ मा सम्पन्न डर्वान सम्मेलनले प्रारम्भिक निर्देशिका दिएको ।
- अति कम विकसित राष्ट्रहरुको लागि न्याप प्राविधिक निर्देशिका तयार भएको । यो निर्देशिका बमोजिम नेपालले न्याप तर्जुमा गर्ने उद्देश्य राखेको ।
- विगतका गोष्ठी, कार्यशाला तथा अन्तर्क्रिया कार्यक्रममा नापा कार्यान्वयन नगरेर किन न्याप वनाउनु पर्‍यो भन्ने जिज्ञासा पनि नेपालमा उठेका ।
- नापा र न्यापबीचको भिन्नतामा राखौं ।

### राष्ट्रिय अनुकूलन योजना सम्बन्धी निर्देशिका

- महासन्धिका पक्ष राष्ट्रहरुको सन् २०११ मा सम्पन्न डर्वान सम्मेलनले प्रारम्भिक निर्देशिका दिएको ।
- अति कम विकसित राष्ट्रहरुको लागि न्याप प्राविधिक निर्देशिका तयार भएको । यो निर्देशिका बमोजिम नेपालले न्याप तर्जुमा गर्ने उद्देश्य राखेको ।
- विगतका गोष्ठी, कार्यशाला तथा अन्तर्क्रिया कार्यक्रममा नापा कार्यान्वयन नगरेर किन न्याप वनाउनु पर्‍यो भन्ने जिज्ञासा पनि नेपालमा उठेका ।
- नापा र न्यापबीचको भिन्नतामा राखौं ।

## नापा र न्यापबीचको भिन्नता ...

| | | |
|---|---|---|
| **तर्जुमा र कार्यान्वयनकालागि वित्तीय सहयोग** | अति कम विकसित राष्ट्रहरुको कोष (LDC Fund) को सहयोगमा तर्जुमा ।<br>कार्यान्वयनका लागि सो कोष लगायत अन्य स्रोतको उपयोग गर्ने । | अति कम विकसित राष्ट्रहरुमा न्याप तर्जुमाकालागि LDC Fund र हरित जलावायु कोषको उपयोग ।<br>कार्यान्वयनका लागि हरित जलवायु कोष, द्विपक्षीय, बहुपक्षीय तथा अन्य स्रोत । |
| **हालको अवस्था** | नेपाल सहित ५० वटा अति कम विकसित राष्ट्रहरु (२ देश विकासशील भएको) मा नापा तयार गरी अनुकूलनका कार्यहरु कार्यान्वयनको विभिन्न चरणमा रहेको । | अति कम विकसित लगायत विभिन्न मुलुकहरुमा न्याप तर्जुमा प्रक्रिया विभिन्न चरणमा र केही राष्ट्रले तयार गरिसकेको । |
| **ध्यान दिनु पर्ने कुरा** | उपलब्ध सूचना सामग्रीको आधारमा तयार गर्ने । | बैज्ञानिक तथ्य र आवश्यकतानुसार मोडेलिङ्ग समेत गरी तयार गर्ने । |

## जलवायु अनुकूलन सम्बन्धी आयोजनाहरु

**कार्यान्वयनमा रहेका**

- Nepal Climate Change Support Programme
- Community-based flood risk and GLOF risk reduction programme
- Ecosystem-based adaptation Programme (EbA) (global flagship project)
- Building climate resilient watersheds in mountainous ecoregions (SPCR 1)
- Building resilience to climate related hazards (SPCR 2)
- Mainstreaming climate change risk management in development (SPCR 3)
- Building climate resilient communities through private sector participation (SPCR 4)
- Enhancing capacity, knowledge and technology support to build climate resilience of vulnerable developing countries
- Hariyo Ban Project (with adequate focus on climate adaptation)
- Multi-stakeholder forestry programme (adaptation co-benefits)

## जलवायु अनुकूलन सम्बन्धी आयोजनाहरु ...

**निकट भविश्यमा कार्यान्वयनमा आउने**

- Catalysing ecosystem restoration for resilient natural capital and rural livelihoods in degraded forests of Nepal
- Reducing vulnerability and increasing adaptive capacity to respond to impacts of climate change and variability for sustainable livelihoods in agriculture sector in Nepal
- Developing climate resilient livelihoods in the vulnerable watersheds in Nepal
- Ecosystem-based adaptation for climate-resilient development in the Kathmandu Valley, Nepal
- Adapting to climate induced threats to food production and food security in the Karnali region of Nepal

## राष्ट्रिय अनुकूलन योजना तर्जुमा तथा कार्यान्वयनबाट फायदा

- महासन्धिको निर्णय कार्यान्वयन ।
- जलवायु अनुकूलन कार्यलाई क्षेत्रगत विकास प्रक्रियामा एकीकृत गरी अनुकूलन र समानुकूलनमा क्षमता अभिबृद्धि हुने ।
- खाद्यान्न उत्पादन तथा स्रोतको उत्पादकत्व बढाउन सहयोग पुग्ने ।
- जलवायु अनुकूलनलाई विकास प्रक्रियामा आन्तरिकीकरण तथा एकीकृत गर्न सजिलो हुने ।
- विकास कार्यबाट प्राप्त उपलब्धिलाई दिगो वनाउँन सहयोग पुग्ने ।
- जलवायु परिवर्तनबाट हुन सक्ने जोखिमलाई न्यून गरी भावी योजनालाई जलवायु-मैत्री वनाउन सहयोग पुग्ने ।
- जलवायु सञ्चार बढाउन/जानकारी आदान-प्रदान गर्न सजिलो हुने ।
- जलवायु अनुकूलनका कार्यको कार्यान्वयनमा निरन्तरता हुने ।

## राष्ट्रिय अनुकूलन योजना सम्बन्धी मन्त्रालयका कार्यहरु

- वि.सं. २०७० साल मंसीरमा न्याप प्रकिया आरम्भ गर्ने निर्णय भएको ।
- न्याप ग्लोबल सपोर्ट कार्यक्रमलाई आवश्यक सहयोग र सहकार्यका लागि जानकारी पठाइएको ।
- वि.सं. २०७० साल फागुनमा न्याप ग्लोबल सपोर्ट कार्यक्रमका लागि केन्द्रविन्दु तोकिएको ।
- UFCCC ले आयोजना गरेको न्याप एक्सो (NAP Expo) मा नेपालले सूचना आदान-प्रदान गरेको
- न्याप ग्लोबल सपोर्ट कार्यक्रम र UFCCC ले आयोजना गरेको तालिम लिई जनशक्ति तयार गरेको ।
- एल.डी.सी. को अध्यक्षका हैसियतमा वि.सं. २०७१ साल भाद्र महिनामा न्यापलाई दस्तावेजको रुपमा स्विकार्न र आर्थिक सहयोग प्रदान गर्न र प्रगति मूल्याङ्कन प्रकृया सुदृढ गर्नु पर्ने सम्बन्धी धारणा पेश ।

## राष्ट्रिय अनुकूलन योजना सम्बन्धमा अन्य संस्थाबाट भएका कार्यहरु

**डब्लु.डब्लु.एफ. र स्वच्छ ऊर्जा नेपालले**

- सिन्धुपाल्चोक, रसुवा, इटहरी, धादिङ्ग, पोखरा र काठमाण्डौमा अन्तरकृया कार्यक्रम आयोजना गरी अनुकूलन सम्बन्धी राय सुझाव सङ्कलन गरेको । सहभागीहरुले समन्वय संयन्त्र प्रभावकारी बनाउनुपर्ने र स्थानियस्तरमा पनि सरोकारवालाहरुको सहभागिता सुनिश्चित गर्नु पर्नेमा बिषेश जोड दिएको ।
- काठमाण्डौमा *जलवायु परिवर्तन अनुकूलन: नापाबाट न्याप* शिर्षकमा अन्तरक्रिया गर्दा महासन्धिको सचिवालयले न्यापको आवश्यकता र उपादेयता एवम् न्याप प्राविधिक निर्देशिकाको सारतत्वको वारेमा जानकारी गराएको ।
- न्यापको नेपालीमा जानकारी पुस्तिका, न्यापको प्राविधिक निर्देशिकालाई नेपालीमा तयार गरेको ।

## राष्ट्रिय अनुकूलन योजना सम्बन्धमा अन्य संस्थाबाट भएका कार्यहरु

**जलस्रोत विकास संस्थाले**

- जलवायु परिवर्तनबाट जलस्रोत र कृषि क्षेत्रमा परेको प्रभाव एवम् जलवायु सङ्कटासन्नताको अवस्था झल्किने प्रकारको न्याप प्राविधिक निर्देशिकालाई ध्यान दिई जलस्रोत र कृषि क्षेत्रकालागि वेग्ला-वेग्लै वस्तुस्थिति प्रतिवेदन (Stocktaking Report) तयार गरेको ।

**विकासका सहयात्रीको पहल**

- न्याप ग्लोबल सपोर्ट कार्यक्रमबाट न्यापका प्राविधिक निर्देशिका समेतमा एशियाका एल.डी.सी. लाई तालिम दिएको ।
- UNFCCC बाट सञ्चालित न्याप क्षेत्रीय कार्यशालामा भाग लिएको ।
- न्यापमा कृषि क्षेत्र एकीकृत गर्न सहयोग पुऱ्याउने कार्यक्रम प्रारम्भिक चरणमा रहेको ।
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले काम शुरु गरेको ।

## न्याप तर्जुमाको रुपरेखा

- मन्त्रालयको नेतृत्वदायी भूमिका रहने तथा लैङ्गिक-सम्वेदनशीलता, सहभागितात्मक र पारदर्शिता सुनिश्चित हुने गरी न्यापको तर्जुमा हुने ।
- विषयगत क्षेत्रको छनौटमा नापाकै प्रक्रिया अप्नाई निम्न विषयगत र अन्तर-विषयगत कार्यसमूह वनाउने
- (१) कृषि तथा खाद्य सुरक्षा, (२) वन तथा जैविक विविधता, (३) जलस्रोत तथा ऊर्जा, (४) जनस्वास्थ्य, (५) जलवायुजन्य प्रकोप, (६) शहरी वसोवास तथा पूर्वाधार, तथा (७) पर्यटन, प्राकृतिक तथा सांस्कृतिक सम्पदा नामक कार्यसमूह
- (८) लैङ्गिक तथा आरक्षित समुदाय (समाजिक समावेशीकरण), र (९) जीविकोपार्जन तथा सुशासन सम्वन्धी २ वटा अन्तर-विषयगत (cross-cutting) कार्यसमूह ।

## समन्वयको व्यवस्था

- प्राविधिक कार्य एवम् समन्वयकालागि मन्त्रालयमा अन्तर निकाय प्राविधिक समिति गठन हुने ।
- सवै विषयगत तथा अन्तर-विषयगत कार्यसमूहको गठन गर्ने ।

प्राविधिक समितिको प्रारुप

- श्री सह-सचिव एवम् महासन्धिका केन्द्रविन्दु, — अध्यक्ष
- श्री संयोजक वा सदस्य-सचिव (९ जना) — सदस्य
- प्राज्ञिक क्षेत्र (२) अनुसन्धान तथा विकास (२), स्थानीय निकायको संयोजन गर्ने महासंघ तथा संस्थाहरु (३), गैरसरकारी संघ-संस्थाहरु (३) तथा जलवायु परिवर्तनमा कार्यरत गैर सरकारी संस्था (१) प्राविधिक प्रतिनिधिहरु गरी ११ जना — सदस्य
- नीजि क्षेत्र तथा सम्वन्धित विज्ञहरु (२, २ जना) — सदस्य
- मन्त्रालयले तोकेको न्याप संयोजक — सदस्य-सचिव
- आवश्यकता अनुसार सदस्यहरु आमन्त्रण गर्न सकिने ।

## विषयगत तथा अन्तर-विषयगत कार्यसमूहको प्रारुप

- श्री सह-सचिव वा सो सरह, सम्वन्धित मन्त्रालय — संयोजक
- श्री सम्वन्धित मन्त्रालय अन्तर्गतका विभाग, सम्वन्धित आयोग, परिषद वा समितिबाट १, १ जना — सदस्य
- वषयसंग सम्वन्धित प्राज्ञिक एवम् अनुसन्धान निकाय, गैरसरकारी संघ-संस्था तथा समुदायमा आधारित संस्थाका महासंघ तथा जलवायु परिवर्तनका क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाका प्रतिनिधि समेत गरी करिव १२ जना — सदस्य
- नीजि क्षेत्र र विज्ञबाट करिव ५ जना — सदस्य
- विषयगत मन्त्रालयले उपयुक्त ठानेका अन्य निकायबाट बढीमा ५ जना — सदस्य
- मन्त्रालयले तोकेको उप-सचिवस्तरको अधिकृत — सदस्य-सचिव
- आवश्यकता अनुसार सदस्यहरु आमन्त्रण गर्न सकिने ।




## प्रारम्भिक निर्देशिका तथा न्याप प्राविधिक निर्देशिकाका चरणहरु

| चरण १ | कार्यहरु |
|---|---|
| आधारभूत कार्य एवम् कमी कमजोरीको सम्वोधन गर्ने | १. न्याप प्रक्रियाको प्रारम्भ र Launching गर्ने । |
| | २. वस्तुस्थितिको अध्ययन गर्नेः जलवायु परिवर्तनका असर, सङ्कटासन्नता र अनुकूलनबारे उपलब्ध सूचना एकत्रित गरी कमी कमजोरीको पहिचान गर्ने । |
| | ३. न्याप प्रक्रिया अघि बढाउँदा उत्पन्न हुने क्षमता अभाव र कमी कमजोरीकोसम्बोधन गर्ने । |
| | ४. विकासका आवश्यकता र जलवायु सङ्कटासन्नतालाई वृहत तथा निरन्तर आङ्कलन गर्ने । |

### प्रारम्भिक निर्देशिका तथा न्याप प्राविधिक निर्देशिकाका चरणहरु

| चरण २ | कार्यहरु |
|---|---|
| तयारी तत्वहरु | १. वर्तमान तथा भविष्यमा देखापर्ने जलवायु परिवर्तनको परिदृष्यको विश्लेषण गर्ने । |
| | २. क्षेत्रगत तथा अन्य तहमा जलवायु सङ्कटासन्नताको आङ्कलन गर्ने तथा उपयुक्त अनुकूलनका उपायको पहिचान गर्ने । |
| | ३. अनुकूलनका विकल्पहरुको समिक्षा गर्ने । |
| | ४. राष्ट्रिय अनुकूलन योजनाको संयोजन तथा सञ्चार गर्ने ।<br>५. जलवायु परिर्वतन अनुकूलनलाई राष्ट्रिय तथा स्थानीय लगायत क्षेत्रगत योजनामा एकिकृत गर्ने । |

### प्रारम्भिक निर्देशिका तथा न्याप प्राविधिक निर्देशिकाका चरणहरु

| चरण ३ | कार्यहरु |
|---|---|
| कार्यान्वयन रणनीति | १. जलवायु परिवतृन अनुकूलनलाई प्राथमिकीकरण गर्ने । |
| | २. राष्ट्रिय अनुकूलन कार्यान्वयन रणनीति तयार गर्ने। |
| | ३. अनुकूलन योजना निर्माण तथा कार्यन्वयनको लागि क्षमता अभिवृद्धि गर्ने । |
| | ४. क्षेत्रिय तथा अन्य वहुपक्षिय वातावरणीय सम्झौतबीच समन्वय र तालमेल मिलाउने । |

### प्रारम्भिक निर्देशिका तथा न्याप प्राविधिक निर्देशिकाका चरणहरु

| चरण ४ | कार्यहरु |
|---|---|
| प्रतिवेदन, अनुगमन तथा समिक्षा | १. न्याप प्रक्रियाको अनुगमन गर्ने । |
| | २. प्रगति, प्रभावकारिता र कमी कमजोरीको आङ्कलनकालागि न्याप प्रक्रियाको समिक्षा गर्ने । |
| | ३. निरन्तर एवम् आवश्यकतानुसार न्याप प्रक्रियाको परिमार्जन गर्ने । |
| | ४. न्याप प्रक्रियालाई अगाडि बढाउने तथा प्रगति र प्रभावकारीताबारे प्रतिवेदन दिने । |

## न्याप तर्जुमाको लागि प्रस्तावित कार्यविधि

- न्याप तर्जुमाको प्रक्रिया शुरु भएको सार्वजनिक गर्ने (NAP launching) ।
- मन्त्रालयले प्राविधिक समितिको गठन गर्ने ।
- कार्यसूची सहित क्षेत्रगत मन्त्रालयहरुलाई सम्बन्धित विषयगत कार्यसमूह वनाउन अनुरोध गर्ने ।
- विषयगत कार्यसमूहहरुको कार्यलाई सहज वनाउँन आवश्यक प्राविधिक तथा आर्थिक स्रोतको ब्यवस्था मिलाउने ।
- वस्तुस्थिति अध्ययन तथा कमी कमजोरीको विश्लेषण पश्चात: राष्ट्रिय तथा स्थानीयस्तरमा क्षेत्रगत विकास योजनामा जलवायु अनुकूलनलाई के कसरी एकीकृत गर्ने भन्ने राय सुझाव सङ्कलन गर्न कार्यशाला आयोजना गर्ने ।

## न्याप तर्जुमाको लागि प्रस्तावित कार्यविधि

- हरेक क्षेत्रगत कार्यसमूहले आवश्यकतानुसार सरोकारवालाहरुसंग छलफल गरी प्राप्त राय सुझावलाई उपयोग गर्ने ।
- सवै विषयगत कार्यसमूहले न्यापमा रहनु पर्ने पक्षहरु यकिन गरेपछि मन्त्रालयले राष्ट्रिय अनुकूलन योजना तयार गर्ने र राय सुझावको लागि सार्वजनिक गर्ने, परामर्श, अन्तर्क्रिया, कार्यशाला गर्ने ।
- सम्बन्धित मन्त्रालयहरुबाट औपचारिक राय सुझाव सङ्कलन गर्ने ।
- प्राप्त राय सुझावको आधारमा मन्त्रालयले राष्ट्रिय अनुकूलन योजनालाई अन्तिम रुप दिने र नेपाल सरकारको निर्णयार्थ पेश गर्ने ।
- योजना कार्यान्वयनको लागि कार्यान्वयन रणनीति, अनुगमन तथा मूल्याङ्कन तथा रिपोर्टिङ्गका प्रक्रियाहरुको विकास गर्ने ।
- अनुकूलन योजना कार्यान्वयनको लागि आवश्यक आर्थिक स्रोत जुटाउँन मन्त्रालयले पहल गर्ने र सम्बन्धितबाट कार्यान्वयन गर्ने ।

केही सुझाव?

धन्यवाद !

# अनुसूची २ : प्रस्तावित कार्यक्रमहरु

| समय | कार्यक्रम |
|---|---|
| ३:००-३:३० बजे | सहभागिहरुको आगमन |
| ३:३०-३:३५ बजे | प्रमुख अतिथिको आगमन |
| ३:३५-३:४० बजे | - आसन ग्रहण<br>– अध्यक्षताः डा. कृष्णचन्द्र पौडेल, सचिव, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय<br>– प्रमुख अतिथिः डा भारतेन्दु मिश्र, सदस्य, राष्ट्रिय योजना आयोगको सचिवालय<br>– श्री राम प्रसाद लम्साल, सह-सचिव एवं प्रमुख जलवायु परिवर्तन व्यवस्थापन महाशाखा, विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय |
| ३:४०-३:५० बजे | स्वागत मन्तव्य तथा राष्ट्रिय अनुकूलन योजना सम्बन्धी सामान्य जानकारी<br>श्री राम प्रसाद लम्साल, सह-सचिव एवं प्रमुख जलवायु परिवर्तन व्यवस्थापन महाशाखा, विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय |
| ३:५०-४:०० बजे | प्रमुख अतिथि मा.डा भारतेन्दु मिश्रज्यूबाट सम्बोधन एवं नेपालमा राष्ट्रिय अनुकूलन योजना तर्जुमा प्रक्रिया शुभारम्भ (Lunching of the process to formulate National Adaptation Plan in Nepal) भएको घोषणा |
| ४:००-४:१५ बजे | सभाध्यक्षबाट समापन मन्तव्य एवं धन्यवाद ज्ञापन : डा. कृष्ण चन्द्र पौडेल, सचिव, विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय |

**प्रस्तुतीकरण एवं छलफल**

| | |
|---|---|
| ४:१५- ४:४५ बजे | राष्ट्रिय अनुकूलन योजना तर्जुमा प्रक्रियाको प्रारुप सम्बन्धी प्रस्तुतीकरण एवं छलफल<br>प्रस्तुतीकरण : श्री नरेश शर्मा, वरिष्ठ कृषि अर्थ विज्ञ/न्याप संयोजक, विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय |
| ४:४५-५:३० बजे | छलफल तथा राय सुझाव संकलन |
| ५:३०-५:४० बजे | धन्यवाद ज्ञापन : श्री गेहेन्द्र गुरुङ्ग, प्राक्टिकल एक्शन नेपाल |
| ५:४०-६:०० बजे | अध्यक्षबाट समापन मन्तव्य |

**कार्यक्रम समापन ।**